# सङ्क्रमणकालीन न्यायका लागि एक प्रयास

सशस्त्र द्वन्द्वोत्तर समाजमा अनिवार्यतः सम्पन्न गरिनुपर्ने कैयन कामहरू अझै पनि हाम्रो देशमा हुन सकेका छैनन् । द्वन्द्वकालमा भएका जघन्य अपराधका दोषी पत्ता लगाउने, तिनलाई सजाय दिने, पीडितपक्षहरूको तथ्य सङ्कलन गरी परिपुरणको व्यवस्था गरी समाजमा शान्ति स्थापना गर्ने काममा हामी अत्यन्त सुस्त भएका छौं ।

सशस्त्र द्वन्द्वकालमा आफ्ना कति जना लडाकू कहाँ, कहिले, कुन ठाउँमा मारिए त्यसको फेहरिस्त तत्कालीन विद्रोही नेकपा (माओवादी)ले सार्वजनिक गरेको छैन । कुन कुन ठाउँमा सुरक्षाकर्मीबाट कति जना नेपालीको ज्यान गयो, त्यसको विश्वसनीय लेखाजोखा सरकारले प्रस्तुत गरेको छैन । द्वन्द्वसँग कुनै सरोकार नराख्ने कति मानिस असहाय अवस्थामा अपाङ्ग जीवन बाँच्न बाध्य भएका छन्, तिनको चासो कसैलाई छैन । शान्ति मन्त्रालय र स्थानीय शान्ति समिति सहयोगका रुपमा प्राप्त भएका रकम कसरी भाग लगाउने हो, त्यसैमा व्यस्त छन् । घर बसेर मानिसले बेपत्ताको नाममा राहत लिइरहेका छन्, ज्यूँदै मानिसलाई मृतक ठहराएर सहयोग गर्ने प्रवृति दलहरूमा देखा परेका समाचार सार्वजनिक भइरहेका छन् । पीडितका नाममा भएका यस्ता दुरूपयोग प्रति कसैले चिन्ता देखाएका छैनन् ।

शान्ति सम्झौतालगायत त्यसपछि भएका अनेकन सहमति र सम्झौतामा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गरिने, यस सम्बन्धमा आयोग गठन गर्ने जस्ता व्यक्त गरिएका प्रतिबद्धता अझै पनि पूरा भएका छैनन् । त्यसैगरी सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन राष्ट्रिय गफमा परिणत भएको महसुस गर्न थालिएको छ । जिम्मेवार सरोकारवालाहरू गफ सुनाएर, जनतालाई थकित तुल्याएर द्वन्द्वकालका सबै अपराधलाई ओझेलमा पार्न चाहिरहेका त होइनन् भन्ने आशङ्का उत्पन्न हुन थालेको छ । उनीहरूले के बुझ्नु पर्छ भने, दण्डहीनताले तत्काल केही राजनीतिक शितलता प्रदान गर्ला तर त्यसले जन्माएको प्रतिहिँसा समग्र मुलुकको लागि प्रत्युदपादक हुन सक्छ ।

वास्तविक पीडितपक्षहरूको पहिचान हुन सकोस्, पीडितपक्षले केही राहत अनुभव गर्न सकून, उनीहरूको वर्तमान अवस्थाको तस्वीर जस्ताको तस्तै हेर्न सकियोस् भन्नाका खातिर हामीले **द्वन्द्व पीडित पार्श्वचित्र**को प्रकाशन गरेका छौं । राज्य र विद्रोही पक्षले त्यसकालमा गरेका मानवअधिकार उल्लङ्घनबाट पीडित भएकाहरूले न्याय पाउन यस पार्श्वचित्रले भूमिका निर्वाह गर्न सक्ने विश्वास छ ।

पीडित पाश्वचित्र तयार गर्न पीडितका घरदैलोमा पुगेर तथ्य सङ्कलन गर्नुहुने इन्सेक जिल्ला प्रतिनिधिहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ । इन्सेकका सम्पूर्ण साथीहरूले यस कार्यमा आआफ्नो क्षेत्रबाट सहयोग पुऱ्याएका छन्, सबैलाई साधुवाद !

यो अभिलेख आफैमा पूर्ण छ भनेर भन्ने आग्रह गर्नु न्यायोचित हुन सक्दैन । यसबाहेक पनि हामीलाई जानकारी प्राप्त हुने क्रम जारी छ । पर्याप्त अनुगमन गरिएपश्चात् ती सूचनालाई पनि समावेश गरिने छ । यसमा भएका कमी कमजोरीहरु औंल्याइदिनु भई यसलाई परिमार्जन गर्ने कार्यमा विगतमा झैं सुझाव र सल्लाह दिएर इन्सेक अभियानलाई सहयोग पुऱ्याउनु हुनेछ भन्ने अपेक्षा गर्दछु ।

**सुबोधराज प्याकुरेल**
अध्यक्ष

# द्वन्द्वपीडित पार्श्वचित्र : समग्र मूल्याङ्कन

**१. विषय प्रवेश**

दश वर्ष लामो सशस्त्र द्वन्द्वको क्रममा भएका मानवीय क्षतिका बारेमा अहिलेसम्म कुनै व्यवस्थित अभिलेख उपलब्ध छैन। त्यस अवधिमा कति जना नेपालीले कुन ठाउँमा कसरी ज्यान गुमाए त्यसको फेहरिस्त राज्यका निकायमा पाईंदैन। तत्कालीन विद्रोही नेकपा माओवादी स्वयम्ले आफ्ना मारिएका लडाकू कुन ठाउँमा कहिले कसरी मारिए त्यसको पूर्ण विवरण प्रकाशमा ल्याउन सकेको छैन। यसैगरी बेपत्ता पारिएका तथा द्वन्द्वका कारण अपाङ्ग भएका मानिसहरूको विवरणको पनि अभाव छ।

तत्कालीन समयमा स्थानीय प्रशासनले अभिलेख राख्ने कार्य व्यवस्थितरूपमा गर्न नसकेकाले पीडितपक्षलाई न्याय प्रदान गर्ने भरपर्दो आधारको समेत अभाव महसुस भयो। इन्सेकले सङ्कटपूर्ण त्यस अवस्थामा पनि मानवअधिकार उल्लङ्घनका घटनाको अभिलेख राखेको थियो। तत्कालीन अवस्थामा युद्धरत दुवै पक्षको दवाव वा त्रासका कारण वा चेतनाका कमी भएकाले मानवअधिकार उलङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन र अभिलेखन गर्दै आएको इन्सेकले १९९२ देखि नै वर्षेनी नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको छ। सशस्त्र द्वन्द्वको सङ्कटपूर्ण अवस्थामा पनि इन्सेकले आफ्नो काम यथावत राखेको थियो। त्यस्ता घटना सतहमा आउन नसक्नु अस्वभाविकक होइन। यसर्थ प्रत्येक जिल्लामा पीडितहरूको विवरण अद्यावधिक गरी सङ्कलन गरिनु आवश्यक थियो। मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुगमन र अभिलेखन गर्दै आएको इन्सेकले पीडितहरू राहत र अन्य सहयोगबाट वञ्चित हुनसक्ने अवस्था कुनै पनि हालतमा सृजना नहोस् भन्नाका लागि ७५ ओटै जिल्लाका द्वन्द्वपीडितहरूको पार्श्वचित्र तयार पारिएको हो।

**२. द्वन्द्वपीडित पार्श्वचित्रको उद्देश्य**

यो अभिलेखनको मुख्य उद्देश्य निम्नबमोजिम रहेका छन्:

१ सशस्त्र द्वन्द्वका क्रममा दुवै पक्षबाट भएका मानवीय क्षतिको पहिचान गरी उनीहरूको पारिवारिक विवरण र अवस्थाको समेत अभिलेख गर्नु।

२ त्यस अवधिमा दुवै पक्षबाट बेपत्ता पारिएकाहरूको विस्तृत विवरण तयार पार्नु।

३ शारीरिक तथा मानसिक तवरले स्थायी अपाङ्गता भएका व्यक्तिहरूको विवरण तयार गर्नु।

४ दण्डहीनताको अन्त्यका लागि आवश्यक सुझाव दिनु।

५ पीडितपक्षलाई सहयोग गर्न चाहने व्यक्ति,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूका लागि आधार तयार पारिदिनु।

६ प्रस्तावित सत्य निरुपण तथा मेलमिलाप आयोगलाई सहयोग पुऱ्याउनु।

७ सशस्त्र द्वन्द्वका अवधिमा भएका जघन्य मानवअधिकार उल्लङ्घनका घटनाहरूको अभिलेख गरी पीडित पक्षलाई न्याय दिलाउन सहयोग पुऱ्याउनु।

८ पीडित पक्षलाई राहत तथा सङ्गठित हुनका लागि उत्प्रेरित गराउनु।

समग्रमा भन्ने हो भने विभिन्न कोणबाट शान्ति प्रक्रियालाई सहयोग पुऱ्याउनु यस पार्श्वचित्रको मूल उद्देश्य हो।

**३. अध्ययन विधि**

पार्श्वचित्र तयार गर्न निम्नानुसारको विधि अपनाइएको छ।

(क) इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकाशित घटना विवरणको आधारमा पीडितहरूको नामावली तयार पारियो।

(ख) स्थानीय माओवादी नेताहरूबाट उनीहरूका मारिएका, बेपत्ता पारिएका तथा द्वन्द्वकै कारण अपाङ्ग भएका कार्यकर्ताहरूको विवरण सङ्कलन गरियो।

(ग) स्थानीय शान्ति समितिमा प्राप्त भएका तथा शान्ति तथा पुनर्निर्माण मन्त्रालय प्रमाणित गरेका पीडितहरूको तथ्य सङ्कलन गरियो ।

(घ) यस विषयमा विभिन्न समाचारमाध्यमा प्रकाशित समाचारहरूको अवलोकन गरी पुर्नपुष्टिका लागि सहयोग लिइयो।

(ङ) यसरी प्राप्त सूचनाका आधारमा पीडितपक्षको घरैमा गएर इन्सेक प्रतिनिधिले आवश्यक विवरण सङ्कलन गरी दलहरूका स्थानीय प्रतिनिधि,शिक्षक, स्थानीय मानवअधिकार संस्था, स्थानीय प्रशासन कार्यालय,मानवअधिकारकर्मीहरूसँग छलफल गरी सत्यापन गरियो।

(च) पूर्व जानकारीमा नआएका, प्रसारमा नआएका घटनाहरूको सम्बन्धमा पनि उपरोक्त प्रक्रिया पूरा गरी घटनाको सत्यापन गरियो।

(छ) उक्त सबै पक्रियाहरू पूरा गरी प्रत्येक जिल्लामा सरोकारवालाहरूबीच अन्तरक्रिया गराएपश्चात् पीडित पार्श्वचित्रलाई अन्तिम रुप दिइएको हो।

**४ पीडित पार्श्वचित्रका सीमा**

यो पार्श्वचित्र ०५२ फागुन १ गतेदेखि ०६३ मङ्सिर ५ गतेसम्म राज्य तथा विद्रोही पक्षबाट मारिएका, दोहोरो भिडन्तमा मृत्यु भएका, कुन पक्षबाट मारिएको पहिचान भएका र नभएका विस्फोटक पदार्थ विस्फोटन भई मृत्यु भएका , त्यसैगरी दुवै पक्षबाट जुनसुकै बहानामा बेपत्ता पारिएका र तिनै पक्षका कारणबाट

स्थायी अपाङ्ग भएका व्यक्तिहरूमा मात्र सीमित रहेको छ। द्वन्द्वकालमा भएका सबै पीडितहरूका विस्तृत विवरण समेटिएको छ भन्ने आग्रह गरिनु भने न्यायोचित हुन सक्दैन।

(१) सशस्त्र द्वन्द्वमा प्रत्यक्ष र स्पष्ट तवरले पुष्टि भएका विवरणहरू मात्र यहाँ समेटिने प्रयास गरिएको छ।

(२) कुनै पनि पक्षको आन्तरिक कारबाही वा कुनै दुर्घटनामा परी भएका मानवीय क्षतिको अन्य स्रोतबाट पुर्नपुष्टि नभएका घटना यहाँ समावेश गरिएका छैनन्।

(३) बेपत्ता पार्ने समूह राज्य वा तत्कालीन विद्रोही पक्षलाई किटान गर्न नसकिएका घटनाहरू छनौटका परिधिभित्र परेका छैनन्। तर, युद्धरत पक्षसँग सम्बन्ध रहेका पीडितको हकमा अज्ञात समूह पीडक रहेको अवस्थामा पनि घटनालाई समेटिएको छ।

(४) अपाङ्गताका विभिन्न स्थितिमध्ये शारीरिक वा मानसिक तवरले स्थायी अपाङगता भएका व्यक्तिहरूको विवरण मात्र सङ्कलन गरिएको छ।

(५) पीडितहरूको अनुरोधका आधारमा पीडकको परिचय प्रकाशन गरिएको छैन।

(६) यसबाहेक पनि द्वन्द्वबाट विभिन्न तवरले पीडा भोग्न बाध्य व्यक्तिहरू रहेका छन्। तर समय, स्रोत, साधन र सामर्थ्यका अभावका कारण एउटै संस्थाले मात्र ती सबै कार्य सम्पादन गर्न सम्भव नहुने यथार्थप्रति सबैको ध्यानाकर्षण हुन आवश्यक ठानिएको छ।

(७) पीडितका परिवार घटना भएपश्चात् अन्यत्र गएकाले कैयौँ घटनाको विवरणले पूर्णता पाउन सकेको छैन। उनीहरू कहाँ गएका हुन् त्यो ठाउँको समेत निर्क्यौल हुन नसकेकाले स्थानीय तहमा उपलब्ध जानकारीलाई आधार बनाउनु बाध्यता रह्यो।

## ५ तथ्याङ्क

प्रस्तुत तथ्याङ्कमा ०५२ फागुन २ गतेदेखि ०६३ मङ्सिर ५ गतेसम्मको अवधिलाई समेटिएको छ। स्थान अभावका कारण सबै प्रकारका तथ्याङ्क यहाँ समावेश गरिएको छैन । यस

**४.१ जिल्लागत आधारमा मारिएका, बेपत्ता पारिएका र अपाङ्ग भएकाहरू**

| जिल्ला | अपाङ्गता | बेपत्ता | मारिएका | जम्मा |
|---|---|---|---|---|
| झापा | १ | १२ | १७६ | १८९ |
| इलाम | ७ | ५ | १०५ | ११७ |
| पाँचथर | २१ | ४ | १६७ | १९२ |
| ताप्लेजुङ | २ | २ | १८१ | १८५ |
| मोरङ | ८ | १५ | २१४ | २३७ |
| सुनसरी | ७ | १५ | १०८ | १३० |
| धनकुटा | १ | ४ | ५५ | ६० |
| तेह्रथुम | १ | | ८० | ८१ |
| भोजपुर | २३ | १० | १३२ | १६५ |
| संखुवासभा | | ४ | ११४ | ११८ |
| सप्तरी | २ | ९ | १०६ | ११७ |
| सिरहा | १ | ९ | ९७ | १०७ |
| उदयपुर | ५ | ५ | ११४ | १२४ |
| खोटाङ | ५ | १ | १३७ | १४३ |
| ओखलढुंगा | २४ | १३ | १६७ | २०४ |
| सोलुखुम्बु | ९ | ५ | १११ | १२५ |
| धनुषा | १ | १० | १७१ | १८२ |
| महोत्तरी | | २ | ७४ | ७६ |
| सर्लाही | २ | १ | १५८ | १६१ |
| सिन्धुली | १ | १४ | २२१ | २३६ |
| रामेछाप | ५ | २० | २१३ | २३८ |
| दोलखा | ४ | | १५७ | १६१ |

| जिल्ला | अपाङ्गता | बेपत्ता | मारिएका | जम्मा |
|---|---|---|---|---|
| रौतहट | १ | ५ | २३३ | २३९ |
| बारा | | २ | १२९ | १३१ |
| पर्सा | | २ | ९७ | ९९ |
| चितवन | ८ | २२ | २३६ | २६६ |
| मकवानपुर | ६ | १२ | १२९ | १४७ |
| ललितपुर | ४ | ८ | ५७ | ६९ |
| काभ्रे | ६ | २० | २६५ | २९१ |
| भक्तपुर | ४ | ५ | ५१ | ६० |
| काठमाडौं | | २० | ८१ | १०१ |
| धादिङ | ६ | २८ | १९२ | २२६ |
| सिन्धुपाल्चोक | २ | २० | २९३ | ३१५ |
| नुवाकोट | | १८ | २१७ | २३५ |
| रसुवा | १ | १ | २४ | २६ |
| तनहुँ | | ११ | १८० | १९१ |
| गोरखा | ९ | २६ | ३३५ | ३७० |
| लमजुङ | | १८ | १५१ | १६९ |
| स्याङ्जा | २ | ९ | ९६ | १०७ |
| कास्की | २ | १७ | ९८ | ११७ |
| मनाङ | | | १ | १ |
| नवलपरासी | ६ | १६ | २१५ | २३७ |
| रुपन्देही | ४ | ४ | १५० | १५८ |
| पाल्पा | १ | १ | ७७ | ७९ |

| जिल्ला | अपाङ्गता | बेपत्ता | मारिएका | जम्मा |
|---|---|---|---|---|
| कपिलवस्तु | ३ | ९ | १८६ | १९८ |
| अर्घाखाँची | १ | २ | ११० | ११३ |
| गुल्मी | १ | २ | ९० | ९३ |
| बाग्लुङ | ३ | १९ | १२६ | १४८ |
| पर्वत | ३ | ६ | ९१ | १०० |
| म्याग्दी | २ | २ | ९४ | ९८ |
| दाङ | १९ | ७२ | ३९० | ४८१ |
| प्युठान | २ | | ११० | ११२ |
| रोल्पा | १२ | २८ | ८०५ | ८४५ |
| सल्यान | २१ | २८ | २३२ | २८१ |
| रुकुम | ३ | | ५६२ | ५६५ |
| बाँके | १४ | ६२ | २८४ | ३६० |
| बर्दिया | ३६ | २२० | ३२२ | ५७८ |
| सुर्खेत | ८१ | १४ | २७१ | ३६६ |
| जाजरकोट | ६३ | २१ | ३६६ | ४५० |
| दैलेख | ३९ | १ | २६९ | ३०९ |
| डोल्पा | ७ | २ | ४९ | ५८ |
| जुम्ला | ४४ | ५ | २४९ | २९८ |
| कालिकोट | १२८ | २६ | ५३६ | ६९० |
| मुगु | १८ | २ | ६८ | ८८ |
| हुम्ला | २८ | | १०३ | १३१ |
| कैलाली | १९ | १३ | ४२० | ४५२ |
| अछाम | १४ | ५ | १८३ | २०२ |
| डोटी | ६ | ३ | ८४ | ९३ |
| बाजुरा | ९ | २ | १४६ | १५७ |
| बझाङ | ५ | १ | १०४ | ११० |
| कञ्चनपुर | | २७ | २११ | २३८ |
| डडेलधुरा | ५ | ५ | १२१ | १३१ |
| बैतडी | ३ | ४ | १६७ | १७४ |
| दार्चुला | ४ | | १२२ | १२६ |
| जम्मा | ७८५ | १००६ | १३२३६ | १५०२७ |

४.२ लिङ्गको आधारमा (हत्या, बेपत्ता र अपाङ्गता)

| जिल्ला | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| झापा | १७५ | १४ | १८९ |
| इलाम | ११० | ७ | ११७ |
| पाँचथर | १७३ | १९ | १९२ |
| ताप्लेजुङ | १७४ | ११ | १८५ |
| मोरङ | २२१ | १६ | २३७ |
| सुनसरी | १२६ | ४ | १३० |
| धनकुटा | ५९ | १ | ६० |

| जिल्ला | अपाङ्गता | बेपत्ता | मारिएका |
|---|---|---|---|
| तेह्रथुम | ६६ | १५ | ८१ |
| भोजपुर | १२९ | ३६ | १६५ |
| संखुवासभा | १०१ | १७ | ११८ |
| सप्तरी | ११२ | ५ | ११७ |
| सिरहा | ९८ | ९ | १०७ |
| उदयपुर | १११ | १३ | १२४ |
| खोटाङ | १२२ | २१ | १४३ |
| ओखलढुंगा | १८२ | २२ | २०४ |
| सोलुखुम्बु | १०३ | २२ | १२५ |
| धनुषा | १७८ | ४ | १८२ |
| महोत्तरी | ७२ | ४ | ७६ |
| सर्लाही | १५४ | ७ | १६१ |
| सिन्धुली | २०५ | ३१ | २३६ |
| रामेछाप | २१८ | २० | २३८ |
| दोलखा | १२९ | ३२ | १६१ |
| रौतहट | २३४ | ५ | २३९ |
| बारा | १२४ | ७ | १३१ |
| पर्सा | ९३ | ६ | ९९ |
| चितवन | २२९ | ३७ | २६६ |
| मकवानपुर | १३५ | १२ | १४७ |
| ललितपुर | ६२ | ७ | ६९ |
| काभ्रे | २५६ | ३५ | २९१ |
| भक्तपुर | ५९ | १ | ६० |
| काठमाडौं | ९८ | ३ | १०१ |
| धादिङ | २०२ | २४ | २२६ |
| सिन्धुपाल्चोक | २७५ | ४० | ३१५ |
| नुवाकोट | २१८ | १७ | २३५ |
| रसुवा | १८ | ८ | २६ |
| तनहुँ | १७४ | १७ | १९१ |
| गोरखा | ३०२ | ६८ | ३७० |
| लमजुङ | १४६ | २३ | १६९ |
| स्याङ्जा | १०२ | ५ | १०७ |
| कास्की | ९९ | १८ | ११७ |
| मनाङ | १ | | १ |
| नवलपरासी | २२० | १७ | २३७ |
| रुपन्देही | १४८ | १० | १५८ |
| पाल्पा | ७२ | ७ | ७९ |

| जिल्ला | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| कपिलवस्तु | १८५ | १३ | १९८ |
| अर्घाखाँची | ९० | २३ | ११३ |
| गुल्मी | ८८ | ५ | ९३ |
| बाग्लुङ | १२७ | २१ | १४८ |
| पर्वत | ९६ | ४ | १०० |
| म्याग्दी | ८७ | ११ | ९८ |
| दाङ | ४३५ | ४६ | ४८१ |
| प्युठान | ९५ | १७ | ११२ |
| रोल्पा | ७२५ | १२० | ८४५ |
| सल्यान | २५३ | २८ | २८१ |
| रुकुम | ४८६ | ७९ | ५६५ |
| बाँके | ३२७ | ३३ | ३६० |
| बर्दिया | ५११ | ६७ | ५७८ |
| सुर्खेत | ३३२ | ३४ | ३६६ |
| जाजरकोट | ३९१ | ५९ | ४५० |
| दैलेख | २७० | ३९ | ३०९ |
| डोल्पा | ४९ | ९ | ५८ |
| जुम्ला | २५७ | ४१ | २९८ |
| कालिकोट | ६०२ | ८८ | ६९० |
| मुगु | ८१ | ७ | ८८ |
| हुम्ला | ११७ | १४ | १३१ |
| कैलाली | ३८० | ७२ | ४५२ |
| अछाम | १८२ | २० | २०२ |
| डोटी | ७६ | १७ | ९३ |
| बाजुरा | १४३ | १४ | १५७ |
| बझाङ | १०३ | ७ | ११० |
| कञ्चनपुर | १९४ | ४४ | २३८ |
| डडेलधुरा | ११७ | १४ | १३१ |
| बैतडी | १५८ | १६ | १७४ |
| दार्चुला | १२० | ६ | १२६ |
| जम्मा | १३३६२ | १६६५ | १५०२७ |

### ४.३ पेशागत आधारमा (हत्या, बेपत्ता र अपाङ्गता)

| पेशा | अपाङ्गता | बेपत्ता | हत्या | जम्मा |
|---|---|---|---|---|
| अधिकारकर्मी | | | ४ | ४ |
| अन्य | ५ | १७ | १९० | २१२ |
| कृषि | २०० | ३३० | २६३३ | ३१६३ |
| खेलाडी | | | ७ | ७ |
| जागरि | १३ | १६ | १९१ | २२० |
| ज्यालादारी | ९ | ५८ | २७३ | ३४० |
| डाक्टर | | | ६ | ६ |
| ड्राइभर | २ | ३ | ३१ | ३६ |
| नखुलेको | १० | ३३ | २८२ | ३२५ |
| पत्रकार | | १ | ३ | ४ |
| प्रहरी | ३० | १४ | १७३१ | १७७५ |
| भूपू सुरक्षाकर्मी | | | ३ | ३ |
| राजनीति | ४१० | ३०८ | ५८८४ | ६६०२ |
| वकिल | १ | १ | ५ | ७ |
| विद्यार्थी | ५५ | १५४ | ६१७ | ८२६ |
| व्यापारी | १४ | ३६ | १८८ | २३८ |
| शिक्षक | १६ | २४ | २१६ | २५६ |
| सामाजिक कार्यकर्ता | २ | २ | २१ | २५ |
| सेना | १८ | ९ | ९५१ | ९७८ |
| जम्मा | ७८५ | १००६ | १३२३६ | १५०२७ |

### ४.४ शिक्षाको आधारमा (हत्या, बेपत्ता र अपाङ्गता)

| शैक्षिक स्तर | अपाङ्गता | बेपत्ता | हत्या | जम्मा |
|---|---|---|---|---|
| नखुलेको | ३६ | ४३ | ८५८ | ९३७ |
| निमावि | १४४ | १५९ | २९८२ | ३२८५ |
| निरक्षर | ७० | ५० | ८२८ | ९४८ |
| प्रमाणपत्र | ६७ | १३४ | ८९७ | १०९८ |
| प्रावि | १४९ | १२० | १८९२ | २१६१ |
| मावि | १८५ | २४६ | ३५०४ | ३९३५ |
| साक्षर | ११९ | १९१ | १९५८ | २२६८ |
| स्नातक | १२ | ५२ | २७३ | ३३७ |
| स्नाकोत्तर | ३ | ११ | ४४ | ५८ |
| जम्मा | ७८५ | १००६ | १३२३६ | १५०२७ |

### ४.५ आर्थिक स्थितिको आधारमा (हत्या, बेपत्ता र अपाङ्गता)

| आर्थिक स्तर | अपाङ्गता | बेपत्ता | हत्या | जम्मा |
|---|---|---|---|---|
| उच्च | १ | ३ | २१ | २५ |
| नखुलेको | ८३ | ६० | १२७० | १४१३ |
| निम्न | ४२६ | ४४५ | ५३३८ | ६२०९ |
| निम्नमध्यम | २२४ | ३९२ | ५३३८ | ५९५४ |
| मध्यम | ५१ | १०६ | १२६९ | १४२६ |
| जम्मा | ७८५ | १००६ | १३२३६ | १५०२७ |

### ४.६ वैवाहिक स्थितिको आधारमा (हत्या, बेपत्ता र अपाङ्गता)

| वैवाहिक स्थिति | अपाङ्गता | बेपत्ता | हत्या | जम्मा |
|---|---|---|---|---|
| अविवाहित | १७३ | ४०७ | ५४२७ | ६००७ |
| एकल | ९ | ५ | ४४ | ५८ |
| नखुलेको | २१ | १६ | ४९६ | ५३३ |
| विदुर | | | ३ | ३ |
| विधवा | | १ | ४ | ५ |
| विवाहित | ५८२ | ५७७ | ७२६२ | ८४२१ |
| जम्मा | ७८५ | १००६ | १३२३६ | १५०२७ |

### ५.७ जातको आधारमा (हत्या, बेपत्ता र अपाङ्गता)

| जात | अपाङ्गता | बेपत्ता | हत्या | जम्मा |
|---|---|---|---|---|
| अन्य | ११ | १२ | २४८ | २७१ |
| आदिवासी | ११ | २१ | २४२ | २७४ |
| जनजाति | १८५ | ४२५ | ४४९१ | ५१०१ |
| दलित | ११५ | ९७ | १४५६ | १६६८ |
| नखुलेको | ५ | ४ | ३८ | ४७ |
| बाहुन/क्षेत्री | ४४४ | ४१० | ५८७० | ६७२४ |
| मधेसी | १३ | ३५ | ८२४ | ८७२ |
| मुस्लिम | १ | २ | ६७ | ७० |
| जम्मा | ७८५ | १००६ | १३२३६ | १५०२७ |

### ४.८ भाषाको आधारमा (हत्या, बेपत्ता र अपाङ्गता)

| भाषा | अपाङ्गता | बेपत्ता | हत्या | जम्मा |
|---|---|---|---|---|
| अन्य | १९ | १३ | २८२ | ३१४ |
| अवधि | ७ | १३ | १६१ | १८१ |
| गुरुङ | २ | ५ | १३५ | १४२ |
| चेपाङ | | १ | ६ | ७ |
| जिरेल | | | ४ | ४ |
| तामाङ | ८ | १८ | ४५० | ४७६ |
| थकाली | | १ | ४ | ५ |
| थामी | | | ८ | ८ |
| थारु | ४४ | २४१ | ८३३ | १११८ |
| धिमाल | | १ | ३ | ४ |
| नखुलेको | २ | ९ | ५२ | ६३ |
| नेपाली | ६४५ | ६१४ | ९२२२ | १०४८१ |
| नेवारी | ९ | २४ | २४८ | २८१ |
| भोजपुरी | २ | ३ | ३९१ | ३९६ |
| मगर | १५ | २२ | ७३३ | ७७० |
| मुस्लिम | | १ | ३० | ३१ |
| मैथिली | ७ | २७ | ५०८ | ५४२ |
| राई | २५ | १३ | १५७ | १९५ |
| हिन्दी | | | ९ | ९ |
| जम्मा | ७८५ | १००६ | १३२३६ | १५०२७ |

### ४.९ राजनीतिक दलका आधारमा (हत्या, बेपत्ता र अपाङ्गता)

| राजनीतिक दलहरू | हत्या | बेपत्ता | अपाङ्गता |
|---|---|---|---|
| नेकपा (माले) | २ | १ | १ |
| नेपाली काङ्ग्रेस | ४२४ | १३ | ३६ |
| नेकपा (एमाले) | १८९ | १६ | १७ |
| नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) | ५ | | |
| एकीकृत (माओवादी) | ६४३७ | ४४९ | ४०३ |
| जनमोर्चा नेपाल | ६ | | |
| राप्रपा | १०० | २ | ५ |
| नेपाल सद्भावना पार्टी | ८ | | |
| संयुक्त जनमोर्चा | ५ | १ | |
| राष्ट्रिय जनमुक्ति पार्टी | २ | २ | |
| जम्मा | ७१७८ | ४८४ | ४६२ |

अवधिमा कमसेकम १३,२३६ जना मारिए भने जसमा १००६ जना बेपत्ता पारिएको विवरण प्राप्त भयो । इन्सेकद्वारा प्रकाशित द्वन्द्वपीडित पाश्वचित्रको सिडीमा र इन्सेक वेबसाइट ध्लकभअ।यचन मा सबै तथ्याङ्क उपलब्ध छन् ।

### ६. विश्लेषण

विगत द्वन्द्वका क्रममा झन्डै १३ हजार २ सय ३६ जनाभन्दा बढी व्यक्तिहरूले ज्यान गुमाए भने १ हजार ६ जना बलपूर्वक बेपत्ता पारिए। त्यसरी नै व्यवस्थित ढङ्गले अभिलेखीकरण हुन नसकेका आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरूको उल्लङ्घनका घटनाहरूको सङ्ख्या निकै ठूलो मात्रामा भएको अनुमान गरिएको छ। त्यस अवधिमा भएका मानवता विरुद्धका अपराधहरू र मानवअधिकारको गम्भीर उल्लङ्घनमा राज्य तथा विद्रोही दुवै पक्ष संलग्न रहेका तथ्यहरू प्राप्त भएका छन्।

### ६.१ बलपूर्वक बेपत्ता

मुलुकभर २०५८ मङ्सिर ११ गते सङ्कटकाल घोषणा

भई सेना परिचालन गरिएपछि मानिसलाई गिरफ्तार गरी बेपत्ता बनाउनु सुरक्षा निकायको आम नीति नै बन्न पुग्यो। परिणामस्वरूप द्वन्द्वका पछिल्ला वर्षहरूमा नेपालको अन्तर्राष्ट्रिय पहिचान सबैभन्दा बढी मानिस बेपत्ता पार्ने मुलुकका रूपमा दर्ज हुन गयो।

व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाका सम्बन्धमा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ ले केही निश्चित मापदण्डहरूको निर्धारण गरी स्वेच्छाचारी गिरफ्तारविरुद्धको स्वतन्त्रता प्रदान गरेको छ। संयुक्त राष्टसङ्घीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ ले हरेक व्यक्तिलाई स्वेच्छाचारी गिरफ्तार र थुनाबाट सुरक्षा प्रदान गरेको छ।

नेपालमा विशेषत: व्यक्तिलाई पक्राउ गरिनुअघि पक्राउ पुर्जी नदिने प्रचलन रहेको छ। कतिपयलाई त आफूलाई किन पक्राउ गरिएको हो भन्ने थाहासम्म हुँदैन। पक्राउ र थुनाको विषयमा न त परिवारका सदस्यलाई नै जानकारी दिइन्छ, न पक्राउ परेको २४ घन्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेस नै गरिन्छ।

त्यसरी नै संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा जारी जबरजस्ती बेपत्ताबाट सबै व्यक्तिको बचाउ गर्ने अन्तर्राष्ट्रिय महासन्धि'ले कसैलाई पनि जबरजस्ती बेपत्ताको भागीदार बनाइने छैन भन्ने व्यवस्था गरेको छ। यस महासन्धिले युद्धको अवस्था वा युद्धको त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य सार्वजनिक सङ्कट जेसुकै भए पनि कुनै अपवादजनक परिस्थितिलाई जबरजस्ती बेपत्ताको पुस्ट्याइँका रूपमा याचन गर्न सकिने छैन भन्ने व्यवस्था गरेको छ। यसपूर्व सन् १९९२ मा जारी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रले बलपूर्वक बेपत्ता पार्ने कार्यलाई परिभाषित गर्दै बलपूर्वक बेपत्ता बनाउने कार्यलाई मानवताविरुद्धको अपराध घोषणापत्र जारी गरेको थियो।

यी सबै अन्तर्राष्ट्रिय प्रावधान विपरीत शान्ति सम्झौता सम्पन्न भएको तीन वर्ष बितिसक्दा पनि न त बेपत्ताहरूको अवस्था सार्वजनिक भएको छ न त बेपत्ता सम्बन्धी आयोग नै गठन हुन सकेको छ।[1]

२०५३ मंसिर ५ गते सम्पन्न भएको बृहत् शान्ति सम्झौतामा द्वन्द्वरत दुवै पक्षले ६० दिनभित्र बेपत्ता पारिएका व्यक्तिहरूको नाम र अवस्था प्रकाशमा ल्याउने प्रतिवद्धता गरेका थिए। बृहत् शान्ति सम्झौताको बुँदा नं ५. २.३ र ७. ३. २. दुवै पक्षले सो प्रतिवद्धता जनाएका छन्। तर तीन वर्ष बितिसक्दा पनि उनीहरूले आफ्ना प्रतिवद्धता पूरा गर्न सकेका छैनन्। यसबीच सरकारले बेपत्ता पारिएकाहरूको परिवारलाई १ लाख रुपिया राहत स्वरूप प्रदान गर्ने निर्णय गरी सो रकम राहतस्वरुप उपलब्ध गराइसकेको छ। तर छानबिनको प्रक्रिया नै पूरा नगरी वितरण गरिएको राहतको दुरुपयोग भएको अवस्था भने देखिएको छ।

तत्कालीन सरकारले बेपत्ता आयोग बनाई बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा नामावलीहरू पटक पटक गरेर सार्वजनिक गरी बेपत्ताका सम्बन्धमा केही कार्य गरेजस्तो गरेको थियो। तर आवश्यक प्रक्रिया नपुऱ्याई गठन भएको र वैज्ञानिक पद्धत्ति नअपनाई अनुसन्धान गरिएका ती प्रतिवेदनले बैधानिकता पाउन सकेनन्। प्रतिवेदनमा विभिन्न सङ्घसंस्थाहरूमा हालसम्म बेपत्ता अभिलेखित कतिपय व्यक्तिहरू रिहा भइसको भनी उल्लेख छ।

### ६.२ गैरन्यायिक हत्या

दोहोरो भिडन्त, आफ्नै बम विस्फोटनबाट मृत्यु भएका बाहेक द्वन्द्वकालमा भएका सबैजसो घटना गैरन्यायिक प्रकृतिका छन्। राज्यपक्ष र माओवादी दुवै पक्षबाट मारिएकाहरूको हकमा यो कुरा लागू हुने अवस्था छ।

०४७ सालको संविधानले मृत्युदण्ड हुने गरी कानुन बनाउन नपाइने व्यवस्था गरेपछि नेपालमा पहिलोपटक जीवनको अधिकारलाई सैद्धान्तिक रूपमा संवैधानिक संरक्षण प्रदान गरियो। यसबाट नेपालमा गैरन्यायिक हत्याको अन्त्य हुने अपेक्षा गरिएको थियो। तर, २०५२ सालमा नेकपा (माओवादी)ले सुरु गरेको सशस्त्र द्वन्द्वपश्चात् राज्य र विद्रोही दुवै पक्षबाट गैरन्यायिक हत्या व्यापक, व्यवस्थित र योजनावद्ध ढङ्गले अभ्यास गर्न थालियो। सरकारका तर्फबाट विद्रोही दबाउने फौजी कारबाहीहरूमा गैरन्यायिक हत्या राज्यको नीतिकै रूपमा देखियो भने विद्रोही पक्षले जनयुद्धको विरोध गरेको वा सुराकी गरेको वा फरक विचार राखेको नाममा व्यक्ति हत्याको श्रृङ्खला चलाई युद्ध अस्त्रकैरूपमा प्रयोग भयो।

सशस्त्र द्वन्द्वका क्रममा मारिनेहरूमध्ये अधिकाङ्श गैरसैनिक र युद्धसँग असम्बन्धित नागरिकहरू भएका देखिन्छ। कालीकोटको कोडबाडामा काम गर्न गएका मजदुरहरूको सेनाले गरेको हत्या र अनि युद्धविराम भएको समयमा रामेछापको दोरम्बाको एक घरमा बैठक गरिरहेका माओवादीलाई नियन्त्रणमा लिएर गरिएको हत्या अनि माओवादीहरूद्वारा दैलेखको नौमुलेमा, दैलेखका पत्रकार डेकेन्द्र थापा, रुकुमका कानुन व्यवसायी यदु गौतमलगायतको हत्या यसका उदाहरणहरू हुन्।

विगत दसवर्षे सशस्त्र द्वन्द्वका क्रममा भएका हत्याहरूको अध्ययनबाट त्यस बीचमा भएका गैरन्यायिक हत्याका निम्नलिखित प्रवृत्तिहरू देखा परे :

१. धेरैजसो गैरन्यायिक हत्याहरू दोहोरो भिडन्तका नाममा भएका देखिन्छन्। यस्ता घटनाहरू प्राय:जसो नेकपा (माओवादी)द्वारा सुरक्षा निकायहरूमा आक्रमण गर्ने क्रममा

1. *संयुक्त राष्ट्रिय मानवअधिकार उच्चायुक्तको कार्यालयको प्रतिवेदन "बर्दिया जिल्लामा द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्य"* http://nepal.ohchr.org/en/resources/Documents/English/reports/HCR/2008_12_19_Bardiya_Report_E.pdf साउन १३ गते हेरिएको

र सो आक्रमणपछि सुरक्षाफौजले चलाएको सुरक्षा कारबाहीका क्रममा भएको पाइयो। यस्ता घटनाहरूमा लडाकूहरूका अतिरिक्त गैरसैनिक नागरिक र युद्धमा प्रत्यक्ष संलग्न नभएका मानिसहरूसमेतको हत्या भएको पाइएको छ। त्यस्ता व्यक्तिहरूको हत्या हुनुका पछाडि मूलत: निम्नलिखित कारणहरू पाइयो :

(क) माओवादीहरूले सुरक्षा निकाय वा सरकारी कार्यालयहरूमा आक्रमण गर्नुभन्दा पहिले स्थानीय सर्वसाधारणको घरमा र विद्यालयमा आश्रय लिने तथा त्यस ठाउँमा युद्धमा प्रत्यक्ष संलग्न नरहेका तर माओवादीप्रति समर्थन जनाउने सर्वसाधारणहरूलाई समेत त्यस्तो आक्रमणको क्रममा सहयोगको निमित्त लैजानु ।

(ख) सुरक्षाफौजले माओवादीहरूद्वारा सुरक्षा निकाय वा सरकारी कार्यालयमा गरेको आक्रमणको प्रतिरोधमा जवाफी कारबाही गर्दा लडाकूहरू र गैरसैनिक नागरिकका बीचमा भेद नछुट्याई अन्धाधुन्ध ढङ्गले गोली बारुद र हवाई आक्रमण गर्नु।

(ग) दोहोरो भिडन्तपछि माओवादी लडाकूहरू सो स्थानबाट अन्यत्र गइसकेपछि निजहरूले भिडन्तपूर्व वा भिडन्तको समयमा आश्रय लिएका सर्वसाधारण वा निजहरूका समर्थकहरूको घरमा खानतलासी गरी माओवादीसँग सम्बन्धित कुनै प्रमाण फेला पारेमा वा ती व्यक्तिहरूले माओवादीहरूलाई सहयोग गरेको कुरामा सुरक्षाकर्मीहरू आशङ्कित भई त्यस्ता व्यक्तिहरूलाई नियन्त्रणमा लिएर हत्या गर्नु।

२. गैरन्यायिक हत्याको अर्को प्रवृत्ति मुठभेडमा मारिएको भन्ने रहेको पाइयो। सुरक्षाकर्मीले माओवादीको आशङ्कामा पक्राउ गरेका व्यक्तिहरूलाई निश्चित समयसम्म केरकार गरी सूचनाहरू प्राप्त गरिसकेपछि त्यस्ता व्यक्तिहरूलाई हिरासतबाट बाहिर लगी हत्या गरी मुठभेडमा मृत्यु भएको विज्ञप्ति जारी गर्नु सामान्य भएको ।

सेनाले मुठभेडमा परेको भन्दै मान्छे मार्ने काम गर्दथ्यो,घटनाका गवाहहरुलाई धम्क्याएर बयान बदल्न लगाउँथ्यो, झुटमुटको फोटो खिचेर अनि मानिस मारिएको वारदातको झुटो विवरण तयार पारेर प्रचार गर्दथ्यो।[२]

३. २०५८ सालमा सङ्कटकाल घोषणा भई सेना परिचालन भएपश्चात् भएका अधिकांश गैरन्यायिक हत्याहरू पक्राउपछि गरिएका हत्याहरू अन्तर्गत पर्छन्। यस्ता हत्याहरूको आलोचना गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाले अनुसन्धान गरी पक्राउ स्थापित हुने यथेष्ट प्रमाणका आधारमा ती व्यक्तिहरूको व्यापक खोजी हुन थालेपछि सुरक्षा निकायले त्यस्ता हत्याहरूलाई सुरक्षा घेरा तोडेर भाग्दा गरेको कारबाहीमा मृत्यु भएको घटनाका रूपमा स्पष्टोक्ति दिने गरेको पाइयो।

४. माओवादीको आशङ्कामा पक्राउ परेका केही व्यक्तिहरू गैरकानुनी थुनामा रहँदाको अवस्थामा दिइएको चरम यातनाको कारणबाट हिरासतमै मृत्यु भएको पाइन्छ। ओखलढुङ्गाका चक्रबहादुर कटुवाल र बागलुङका खडगबहादुर बुढाको हत्या यसका उदाहरण हुन्।

५. द्वन्द्वको पछिल्लो चरणमा माओवादी विरुद्ध स्थानीय प्रतिकार समिति बनाउने र स्थानीय बासिन्दालाई हतियार उपलब्ध गराई माओवादीसँग मुठभेड गर्न प्रोत्साहन गर्ने काम तत्कालीन सरकारको सुरक्षा नीति अन्तर्गत रहेको पाइयो। यस क्रममा त्यस्ता समूहहरूबाट माओवादी समर्थक भएको नाउँमा हतियारविहीन सर्वसाधारणहरूलाई हत्या गर्ने गरेको पाइयो। यस्तो घटना विशेष गरेर कपिलवस्तु र नवलपरासीमा बढी भएको थियो।

६. माओवादीको विद्रोहात्मक गतिविधि शुरु भएदेखि नै प्रहरी चौकी र प्रहरीका साथै राजनीतिक पार्टीका निहत्था कार्यकर्ताहरू तथा उनीहरूका दृष्टिमा सुराकी ठहरिएका व्यक्तिहरूलाई तारो बनाएका थिए। उनीहरूले आफ्नो शक्ति निर्माण गर्न शिक्षक,पत्रकार, समाजमा सम्मानित व्यक्ति, राजनीतिक दलका स्थानीय नेतालगायतका व्यक्तिलाई छानी छानी मारेका थिए र आम मानिसलाई त्रसित पार्न सफल भएका थिए। उनीहरूले बालिग र नाबालिग दुवै थरीलाई जबर्जस्ती आफ्नो सेनामा भर्ती गर्थे र लडाइमा नाबालिग सिपाही पठाउँथे।[३]

2. "Waiting for Justice Unpunished crimes from Nepal's Armed conflict" Advocacy Forum and Human Rights Watch सेप्टेम्बर २००८,पेज ३७

3. ह्यूमनराइट्स वाचको प्रतिवेदन "चिल्ड्रेन इन द र्‍यान्कस्" http://www.hrw.org/en/node/11040/section/3 ०६७ साउन १४ गते हेरिएको

4. इन्टरन्यासनल क्राइसिस् ग्रुपको प्रतिवेदन "नेपालका माओवादी : तिनका लक्ष्य, संरचना र रणनीति" http://www.crisisgroup.org/~/media/Files/asia/south-asia/nepal/Nepali/104_nepal_s_maoists_their_aims_structure_and_strategy_nepali.ashx ०६७ साउन १४ गते हेरिएको

तिनीहरूले लडाई सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन तोड्ने काम गरेका छन् र धेरैजसो घटना उनीहरूको कमान्डको माथिल्लो तहको निर्देशन र जानकारीमा भएका छन्।[४]

माओवादीहरूले सुराकी गरेको आरोपमा देशव्यापी रूपमा योजनाबद्ध र व्यापक ढङ्गले जो कोहीको पनि हत्या गर्ने गरेको पाइयो। जस्तै, लमजुङमा शिक्षक मुक्तिनाथ अधिकारी, सिन्धुपाल्चोकका पत्रकार तथा शिक्षक ज्ञानेन्द्र खड्का यस्ता घटनाका उदाहरण हुन्। यसरी हत्या भएकामा अन्य राजनीतिक दलका स्थानीय कार्यकर्ता वा ती दलमा आस्था राख्ने व्यक्तिहरू , सुरक्षाकर्मीका परिवारहरू रहेको पाइयो। माओवादीहरूको सैन्य रणनीति गैरसैनिक नागरिक विरुद्ध हिँसा, आतङ्क र धम्की प्रयोग गर्नु थियो।[५]

७. माओवादीहरूले स्थानीय रूपमा सञ्चालन गरेको ... जनअदालत'ले विभिन्न आरोपमा दोषी ठहऱ्याएकाहरूलाई मृत्युदण्डका नाउँमा हत्या गरेका तथ्यहरू फेला परेका छन्। कारवाहीका नाममा समानान्तर जनअदालत सञ्चालन गरी उनीहरूको नजरमा परेका सर्वसाधारण व्यक्तिहरूलाई विभिन्न बहानामा विभिन्न कारवाही गरेको पाइयो। जुन अदालत गैरकानुनी र मानवअधिकारको अन्तर्राष्टिय सिद्धान्त र मान्यता विपरीत रहेको देखिन्छ। समानान्तर रुपमा सञ्चालन गरिएको जनअदालतको अन्तर्राष्टिय रुपमा व्यापक विरोध भइरहेकै अवस्थामा जनअदालतलाई मान्यता दिँदै माओवादीका अध्यक्ष प्रचण्डको व्याखा यस्तो थियो "हाम्रो नीति के छ भने यदि ऊ सुराकी हो भने हामी उसलाई समात्छौँ, जनअदालत सामु उभ्याउँछौँ र जनअदालतको फैसलाबमोजिम कारबाही गर्छौं। अपराधको प्रकृति हेरी उसलाई निश्चित समयका लागि श्रम सजाय दिइन्छ अथवा केही समयका लागि जनताको हिरासतमा राखिन्छ र अपराध ठूलो रहेछ भने मृत्युदण्ड समेत दिइन्छ। यही प्रक्रियाको अनुशरण गर्ने पार्टीको नीति रहेको छ"।[६]

उल्लिखित प्रकृतिका गैरन्यायिक हत्याको निष्पक्ष छानबिन गरी दोषीहरूलाई कानुनको दायरामा ल्याउनैपर्ने राज्यको दायित्व पूरा भएको अवस्था छैन। सेना वा प्रहरीले गरेका गैरन्यायिक हत्यामा अनुसन्धान र कारबाही गरेको एउटा पनि उदाहरण छैनन्। सशस्त्र विद्रोहका क्रममा माओवादीले गरेका हत्याहरूको सन्दर्भमा भने केही मुद्दाहरू अदालतमा दर्ता गरिएको भएपनि शान्ति सम्झौतापछि गठन भएका सबै सरकारले त्यस्ता मुद्दाहरू फिर्ता लिने निर्णय गरेबाट सरकारको उक्त दायित्व पूरा गर्ने मनसाय देखिँदैन। अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले गैरन्यायिक हत्याको तत्काल निष्पक्ष र प्रभावकारी ढङ्गले अनुसन्धान गरी दोषीहरूलाई कानुनको दायरामा ल्याउने दायित्व सम्बन्धित सदस्य राष्ट्रलाई निरोपित गरेको छ।

संयुक्त राष्ट्रसङ्घले जुनसुकै प्रकारको गैरन्यायिक हत्याहरू जस्तो: गैरकानुनी र स्वेच्छाचारी हत्यालाई प्रत्येक सदस्य राष्ट्रले आफ्नो राष्ट्रिय कानुनद्वारा प्रतिबन्ध लगाई दण्डनीय अपराध घोषित गर्नुपर्ने दायित्व निरुपित गरेको छ। त्यस्तो प्रकारको प्रतिबन्ध सबै अवस्थामा जस्तो युद्ध, आन्तरिक सशस्त्र द्वन्द्व, अत्यधिक बल प्रयोगको अवस्था, सार्वजनिक अधिकारीको आदेश वा हिरासतमा हुने मृत्युलगायतका सबै अवस्थामा लागू हुने व्यवस्था गर्नुपर्ने समेत उल्लेख गरेको छ। त्यसैगरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानले मनसायपूर्वक गरिने हत्या यदि व्यापक र योजनाबद्ध ढङ्गबाट आमजनसमुदायउपर केन्द्रित गरी गरिएको छ भने त्यस्तो हत्यालाई मानवता विरुद्धको अपराधको रूपमा परिभाषित गर्दै त्यस्तो कार्यमा संलग्न हुने व्यक्तिहरूलाई सम्बन्धित राष्ट्रिय कानुनले कारबाही नगरे अन्तर्राष्ट्रिय फौजदारी अदालतमा कारबाही गरिने बन्दोबस्त गरेको छ।

अदालतबाट आदेश जारी भएका अर्जुन लामा र बुद्धिबहादुर प्रजासमेतका मुद्दाहरूमा हालसम्म कुनै कारबाही भएको छैन। देशका विभिन्न प्रहरी कार्यालयमा परेका ६२ वटा जाहेरी दर्खास्तको अध्ययन गरी प्रकाशित एक प्रतिवेदन अनुसार ५६ ओटा जाहेरी गैरन्यायिक हत्याको विषयमा परेका देखिन्छन्। प्रहरीले उल्लिखित सबैजसो मुद्दामा राजनीतिक प्रकृतिको मुद्दा भएकाले अनुसन्धान गर्न सक्दैनौं भन्दै आएको अवस्था विद्यमान छ। यसबाट के देखिन्छ भने अनुसन्धान अधिकृतहरूले यस्ता प्रकृतिका मुद्दाहरूमा निजहरूउपर निरोपित कानुनी दायित्वभन्दा राजनीतिक अवस्थालाई ध्यानमा राखेर काम गरेको छ। उनीहरूको यस्तो क्रियाकलाप दण्डहीनतालाई प्रोत्साहन गर्ने एउटा मुख्य कारणका रूपमा रहेको देखिन्छ।

नेपालमा विगत सशस्त्र द्वन्द्वको अवस्थामा द्वन्द्वरत

---

5. इन्टरन्यासनल क्राइसिस् ग्रुपको प्रतिवेदन "नेपालका माओवादी : तिनका लक्ष्य, संरचना र रणनीति" http://www.crisisgroup.org/~/media/Files/asia/south-asia/nepal/Nepali/104_nepal_s_maoists_their_aims_structure_and_strategy_nepali.ashx ०६७ साउन १३ गते हेरिएको
6. प्रचण्डसितको अन्तवार्ता" बीबीसी समाचार, १ घ फेब्रुअरी,२००६ नेपाल,शान्ति र न्याय,क्राइसिस ग्रुप एसिया रिपोर्ट न १८४,१४ जनवरी २०१०, ०६७ साउन १५ गते हेरिएको

राज्यपक्ष र विद्रोहीपक्षले मानवीय कानुनको उल्लङ्घन गरेका तथ्यहरू प्रकाशमा आएका छन्। तर त्यस्तो उल्लङ्घनमा संलग्न व्यक्तिहरूलाई जवाफदेही बनाउने काम भने दुवै पक्षबाट हुन सकेनन्।

उदाहरणका लागि सुरक्षाफौजले कालीकोको कोटवाडामा गरेको मानवीय कानुनको उल्लङ्घनको एउटा घटना र माओवादीले चितवनको बाँदरमुढेमा यात्रुवाहक बसलाई लक्षित गरी गरेको विद्युतीय धराप विस्फोटनको घटनालाई लिन सकिन्छ।

अन्तर्राष्ट्रिय मानवीय कानुनले सशस्त्र द्वन्द्वलाई यसको प्रकृतिको आधारमा अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्व र गैरअन्तर्राष्ट्रिय वा आन्तरिक सशस्त्र द्वन्द्व भनी दुई भागमा विभाजित गरेको छ। र, यससँग सम्बन्धित कानुनहरू पनि सोही अनुरूप नै फरकफरक रहेका छन्। नेपालमा सशस्त्र द्वन्द्व गैरअन्तर्राष्ट्रिय प्रकृतिको आन्तरिक सशस्त्र द्वन्द्व भएकाले अन्तर्राष्ट्रिय मानवीय कानुन आकर्षित हुन्छ ।

अन्तर्राष्ट्रिय मानवीय कानुनको केन्द्रीय सरोकार युद्धमा प्रत्यक्ष संलग्न नभएका र गैरसैनिक नागरिकको संरक्षण गर्नु हो। चारवटै जेनेभा महासन्धि, १९४९ को साझा धारा ३ ले युद्धका पक्षहरूको दायित्व श्रृजना गरेको छ र यो व्यवस्था गैरराज्यपक्षको हकमा समेत लागू हुन्छ।

यस प्रावधानअन्तर्गत द्वन्द्वरत पक्षलाई युद्धमा प्रत्यक्ष संलग्न नभएका र गैरसैनिक नागरिकको हत्या गर्न, बेपत्ता पार्न, कुटपिट वा यातना दिई शारीरिक क्षति पुऱ्याउन, दुर्व्यवहार गर्न प्रतिबन्ध लगाएको छ। साथै यसले बिमारी वा घाइते व्यक्तिहरूको संरक्षण गर्नुपर्ने सकारात्मक प्रकृतिको दायित्वसमेत सम्बन्धित पक्षउपर निरोपित गरेको छ। नेपाल चारवटै जेनेभा महासन्धिको पक्षराष्ट्र भएको नाताले उल्लिखित प्रावधानहरूको पालना गर्नु नेपालको सन्धिजनित दायित्व हो भन्ने स्वीकार गर्दै माओवादी नेतृत्वले सन् २००३ मै अन्तराष्ट्रिय मानवीय कानुनको पालना गर्ने वचन दिएको थियो।[७]

नेपाली सेनाले दोरम्बा र कोटबाडामा गरेको, माओवादीबाट बाँदरमुढे र नौमूले आक्रमण वा दोहोरो भिडन्तका नाउँमा गरेका त्यस्ता घटनाका उदाहरणहरू हुन्। यी घटनाहरूमा प्रायः जसो आत्मसमर्पण गरेका वा युद्धमा प्रत्यक्ष संलग्न नभएकाहरूलाई कब्जामा लिएपश्चात् हत्या गरिएको, गैरसैनिक क्षेत्रमा आक्रमण गरिएको, सर्वसाधारणको घर, विद्यालयलाई ढालको रूपमा प्रयोग गरिएको, नेपाली सेनाको तर्फबाट जथाभावी हवाई आक्रमण गरिएको, नेकपा माओवादीले घरेलु विस्फोटक पदार्थ वा गैरपरम्परागत हतियार प्रयोग गरेको , भिडन्तको क्रम वा त्यसपछि माओवादीद्वारा सर्वसाधारणलाई अपहरण गरेको, सार्वजनिक सम्पत्ति वा संरक्षित वस्तुउपर आक्रमण र नष्ट गरेको, युद्धमा संलग्न नभएका सुरक्षाकर्मीको जानाजान हत्या गरेको, युद्धमा बालबालिकाको प्रयोग भएको जस्ता कुराहरू पर्दछन्।[८]

तर उल्लिखित प्रकृतिका घटनाहरू युद्धअपराध र मानवता विरुद्धको अपराध समेत हुन सक्ने तथ्यहरू घटना अध्ययनबाट फेला परेकाले त्यसतर्फ व्यापक अनुसन्धान हुन आवश्यक देखिन्छ।

धादिङ जिल्ला जोगीमारा गाविसका बुद्धिबहादुर प्रजा, मनमाया प्रजा, गोविन्द चेपाङ, वीरबहादुर प्रजा, मानबहादुर विकसमेतका ३६ जना मजदुरहरू २०५८ साल फागुन १२ गते सुरक्षाफौजको गोलीबाट गैरकानुनी ढङ्गबाट मारिएका देखिन्छन्। उल्लिखित मृतकहरू श्री शुभकार्की समूह निर्माण सेवा प्रालिको करार सेवाअन्तरगत कोटवाडा विमानस्थलमा कार्यरत थिए। नेपाली सेनाले मुठभेडमा आतङ्ककारीहरू मारिएको भने तापनि विभिन्न मानवअधिकार सङ्घसंस्थाहरूले यसको अनुसन्धान र अनुगमन गरी गैरसैनिक मजदुरहरू मारिएको निष्कर्ष निकाली दोषीउपर कारबाही र पीडितहरूलाई क्षतिपूर्ति दिनुपर्ने माग गरेका थिए। पछि नेपाली सेनाले उक्त घटनाबारे कोर्ट अफ ईन्क्वाइरी गठन गरी दोहोरो भिडन्तमा मजदूरहरू पनि पर्न गएकाले क्षतिपूर्ति भराउन सकारलाई सिफारिस गर्ने निर्णय गरेको थियो। तर, सरकारले हालसम्म पनि सो घटनामा मारिएकाहरूको वास्तविकता सार्वजनिक गरेको छैन।

उक्त घटनाको अध्ययनबाट कालीकोट कोटवाडास्थित विमानस्थल निर्माण गरिरहेका मजदूरहरूउपर नेपाली सेनाले माओवादीको आशङ्कामा अन्धाधुन्ध गोली चलाएको कारणबाट ती मजदुरहरूको मृत्यु भएको देखिन्छ। यो तथ्यलाई नेपाली सेनाद्वारा गठित कोर्ट अफ इन्क्वाइरी कमिशनको प्रतिवेदनले पनि पुष्टि गर्दछ। एकातिर यो घटनामा एक जना पनि माओवादीको मृत्यु भएको छैन भने अर्कोतर्फ नेपाली सेनातर्फ कुनै क्षति वा नोक्सानी भएको देखिँदैन। यसले सेनाको ईन्क्वाइरी कमिशनको राय तर्कसङ्गत नभएको पुष्टि गर्दछ। मृतकहरूको पोष्टमार्टम

7. इन्टरन्यासनल क्राइसिस् ग्रुपको प्रतिवेदन “नेपालका माओवादी : तिनका लक्ष्य, संरचना र रणनीति” http://www.crisisgroup.org/~/media/Files/asia/south-asia/nepal/Nepali/104_nepal_s_maoists_their_aims_structure_and_strategy_nepali.ashx ०६७ साउन १४ गते हेरिएको
8. संयुक्त राष्ट्रिय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको प्रतिवेदन “नेकपा माओवादी र सरकारी सुरक्षा फौजबीच भएका आक्रमण र भिडन्तका सन्दर्भमा अन्तर्राष्ट्रिय मानवीय कानुन उल्लङ्घनसम्बन्धी अनुसन्धानहरु” http://www.unhcr.org/refworld/publisher,OHCHR,COUNTRYREP,,477e3f120,0.html ०६७ साउन १४ गते हेरिएको

गर्नेलगायत प्रचलित नेपाल कानुनबमोजिम अपहत्या वा कर्तव्यबाट मृत्यु भएको अवस्थामा अपनाउनु पर्ने कानुनी प्रकृयासमेत नअपनाइएकाले यस घटनाको यथार्थ खुल्नै बाँकी छ।

द्वन्द्वरत पक्षले गर्ने सैन्य कारबाहीमा गैरसैनिक र लडाकूकाबीचमा भेद छुट्याउन सक्नुपर्दछ त्यसरी भेद नछुट्याई गरिएको कार्य सैनिक उद्देश्यको कार्य हुन सक्दैन। यो सिद्धान्त आन्तरिक सशस्त्र द्वन्द्वको बेलासमेत लागू हुन्छ भन्ने कुरा पूर्वी युगोस्लाभियाको अन्तर्राष्ट्रिय फौज्दारी ट्रिब्युनलले व्याख्या गरेको छ।

नेकपा (माओवादी) ले २०६२ जेठ २३ गते चितवन जिल्लाको माडी क्षेत्रमा पर्ने कल्याणपुर गाविसको बाँदरमुडे खोलामा यात्रुबाहक बसमा विद्युतीय धराप विस्फोट गराउँदा ३५ जना सर्वसाधारण र ३ सुरक्षाकर्मीसहित ३८ जनाको मृत्यु भएको थियो। मृत्यु हुनेमा महिला १६ जना, पुरूष १५ जना र बालबालिका ७ जना थिए।

नेकपा (माओवादी) ले उक्त सार्वजनिक बसलाई विद्युतीय धरापमा पार्नुको कारण सो बसमा सुरक्षाकर्मीहरू समेत सवार भएको जनाएको थियो र धेरै जना सर्वसाधारणको ज्यान गएकोमा दु:ख व्यक्त गर्दै गल्ती भएको समेत जनाएको थियो। सो कुरा कृष्णसेन अनलाइनमा प्रकाशित नेकपा माओवादीको विज्ञप्तिमा भनिएको थियो

नेकपा माओवादीद्वारा प्रकाशित उक्त विज्ञप्तिमा भनिएको थियो "निरंकुश सत्ताका शाही सैनिकहरूमाथि लक्षित गरी हाम्रो जनमुक्ति सेनाको एक टुकडीले थापेको उक्त विद्युतीय धराप सर्वसाधारणलाई क्षति पुग्ने गरी विस्फोट हुन जानु हाम्रो गम्भीर गल्ती भएको छ। मानवढालका रूपमा सर्वसाधारणलाई प्रयोग गर्ने शाही जल्लादहरूको कुकार्यको पनि हामी घोर निन्दा गर्दछौँ। निर्दोष जनसाधारणमाथि लक्षित गरेर कुनै पनि रूपको फौजी कारबाही नगर्ने हाम्रो पार्टीको नीति रहँदै आएको छ। र, यस नीतिमा कुनै पनि परिवर्तन नभएको स्पष्ट गराउँछौं।"

घटनाको अध्ययनबाट सादा पोशाकका सुरक्षाकर्मीहरू त्यस बसमा सर्वसाधारण जनता चढ्नुभन्दा पहिले नै चढेको देखिए तापनि उक्त बस सार्वजनिक र गैरसैनिक यातायातको साधन भएको तथ्य स्थापित छ। त्यस्तो सार्वजनिक बसलाई विद्युतीय धरापमा पार्नु सामरिक उद्देश्य हुन सक्दैन। जेनेभा महासन्धि मान्ने र सो सन्धीको उच्च करार पक्ष रहेको आफूलाई दावी गर्ने नेकपा माओवादीले द्वन्द्वरत पक्षले गर्ने सैन्य कारबाहीमा गैरसैनिक र लडाकूको बीचमा भेद छुट्याउन सक्नु पर्दथ्यो।

उपरोक्त दुवै घटनामा राज्य र माओवादी दुवै पक्षले जेनेभा महासन्धिको साझा धारा ३ को पूर्णरूपमा उल्लङ्घन गरेका छन्। तर, त्यस्तो उल्लङ्घनका घटनाहरूको अनुसन्धान गरी के कस्ता अपराधहरू भएका थिए र ककसको व्यक्तिगत वा पदीय संलग्नता थियो भन्ने कुरा एकिन गरी त्यस्ता कार्यमा संलग्न व्यक्तिहरूलाई जवाफदेही बनाउने काम भने हालसम्म हुन सकेको छैन। द्वन्द्वरत दुवै पक्षले सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भीर मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनका घटनाहरूको सत्य निरुपण तथा मेलमिलाप अयोग बनाई अनुसन्धान र छानविन गर्ने र त्यस्ता घटनामा संलग्न रहेकाहरूलाई कानुनी कारवाही गरी पीडितलाई न्याय प्रदान गर्ने सम्झौता गरे पनि हालसम्म सो कार्यले पूर्णता पाउन सकेको छैन।

यसरी द्वन्द्वकालमा राज्य पक्षले राष्ट्रिय कानुन र मानवीय कानुन विपरीत गैरन्यायिक हत्या भएको थियो भने विद्रोही पक्षले मानवीय कानुन उलङ्घन गरेको प्रष्टिन्छ।

## ७ निष्कर्ष

सशस्त्र द्वन्द्वका युद्धरत दुवै पक्षले युद्धको अवस्थामा अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनलाई मान्छौँ भने पनि उनीहरूले युद्धको नियमबाहिर रहेर लडेकोमा दुई मत हुन सकिँदैन। राज्य पक्षबाट स्वेच्छाचारीरुपमा गैरकानुनी गिरफ्तार गर्नु निर्मम यातना दिनु, वेपत्ता पार्नु, सामान्य कुरा रहेको थियो। सुरक्षाकर्मीद्वारा दोहोरो भिडन्त, सुरक्षा कारबाही, जम्काभेट हुँदा जस्ता नाम दिएर अधिकाङ्श निशस्त्र व्यक्तिहरूको गैरकानुनी हत्या गरेको थियो। विद्रोही माओवादीले सुराकीको आरोपमा, चन्दा नदिएको, अन्य राजनीतिक दलका कार्यकर्ता भएको वा तिनलाई समर्थन गरेको, सुरक्षाकर्मी भएको जस्ता आरोपमा अन्तर्राष्ट्रिय मानवीय कानुन उलङ्घन गर्दै निर्मम रुपमा कुटपिट, बर्बर हत्या, अपहरणलगायतका कार्य गरेको थियो। सरकाराले 'किलो शेरा टु र रोमियो अप्रेशन' शुरु गरी माओवादीलाई दमन गर्न आरम्भ भएपछि हिँसा र प्रतिहिंसाका घटनाहरुमा वृद्धि भएको थियो भने सङ्कटकाल घोषणा भएपश्चात् राज्यपक्षको ज्यादती बढेको थियो। मानवअधिकारका यस्ता जघन्य उलङ्घनका घटनाका पीडितपक्षलाई न्याय प्रदान नगरिएमा शान्ति प्रक्रियाको महत्वपूर्ण पाटो अधुरो हुन जान्छ। द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको उजागर गर्दै त्यसमा संलग्न दोषीहरूलाई कारबाही गरिनु संक्रमणकालीन न्याय व्यवस्थाको प्रमुख कार्य हो। तर यसतर्फ सरकार संवेदनशील भएको पाइएन। राहत वा क्षतिपूर्ति वितरण गरेर मात्रै पीडितहरूले न्याय नपाउने हुँदा आफ्नो प्रियजनहरूको के कारणले हत्या भयो ?किन उनीहरूलाई वेपत्ता पारियो ? वा किन उनीहरूलाई अपहरण गरियो ? लगायतका विषयको यथार्थ जान्ने पाउनु पीडितपक्षको अधिकार हो। तत्कालीन विद्रोही पक्ष रहेको एकीकृत नेकपा माओवादीले पनि यसको सम्मान गनु पर्छ। त्यसकारण आफ्नो प्रतिवद्धताअनुसारका संयन्त्र निर्माण गरी सत्यतथ्यको खोजी गर्नु र त्यसको उजागर गर्नु, संलग्न दोषीहरूलाई कारवाही गर्दै पीडितलाई न्याय प्रदान गर्नु सरकारको प्रमुख दायित्व हो।

## सुझाव

शान्ति प्रक्रियालाई सार्थकता प्रदान गर्नका लागि बृहत्

शान्ति समझौतामा गरिएका न्यायसँग सम्बन्धित सबै प्रतिबद्धता पूरा गर्नका लागि चाहिने सबै सयन्त्र जस्तै बेपत्ता पारिएका व्यक्तिहरूबारे आयोग गठन गर्ने , सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरी द्वन्द्वकालमा भएका गम्भीर अपराध उपर छानविन तथा कारबाही गर्न अनुसन्धान गर्नुपर्ने।

राज्यका विभिन्न अदालतहरूमा दायर भएका मुद्दाहरूका सम्बन्धमा अविलम्ब कारबाही आरम्भ गरिनु पर्दछ।

नागरिक अदालते अगाडि बढाएका मुद्दाहरूमा नेपाली सेनाले हस्तक्षेप नगरी अदालतको कार्यमा सहयोग पुऱ्याउनु पर्ने।

मानवअधिकार समुदायको सहयोगमा सबै खालका द्वन्द्वपीडितहरूको विस्तृत विवरण सङ्कलन गरी उनीहरूको आवश्यकता अनुरुप राहत र सहयोगको प्याकेज तयार गर्ने।

## सहयोगका लागि हार्दिक कृतज्ञता

१. सबै जिल्लाका राजनीतिक दलहरू
२. स्थानीय मानवअधिकार सङ्घ संस्थाहरू
३. सबै जिल्लाका शान्ति समितिहरू
४. सबैजिल्ला प्रशासन कार्यालयहरू
५. सबै जिल्ला प्रहरी कार्यालयहरू

## सल्लाहकार

सुबोधराज प्याकुरेल, अध्यक्ष
विजयराज गौतम, कार्यकारी निर्देशक

## द्वन्द्वपीडित पार्श्वचित्र तयारीमा संलग्न इन्सेक सहकर्मीहरू

### केन्द्रीय कार्यालय

प्रेक्षा ओझा, पोषराज अधिकारी, योगीश खरेल, मदन पौडेल, देवेन्द्र अधिकारी, जीवन्त वाग्ले, गोविन्द त्रिपाठी, गीता माली, प्रमीन घिमिरे, विमलचन्द्र शर्मा, नीर लामा, अनुज केसी

### पूर्वाञ्चल क्षेत्रीय कार्यालय

सोमराज थापा, भुवन अधिकारी, दीपेन न्यौपाने

**इन्सेक जिल्ला प्रतिनिधि**

१.१ झापा - अर्जुनकुमार बस्नेत
१.२ इलाम - अशोककुमार राई
१.३ पाँचथर- कृष्ण ओझा
१.४ ताप्लेजुङ- चन्द्रप्रकाश भट्टराई
१.५ मोरङ - दीपेन नेउपाने
१.६ सुनसरी- शुकदेव चौधरी
१.७ धनकुटा- गीता अधिकारी
१.८ तेह्रथुम - छत्र रिमाल
१.९ भोजपुर - ज्ञानेन्द्र खड्का
१.१० संखुवासभा- लीलाप्रसाद श्रेष्ठ/किशोर बुढाथोकी
१.११ सप्तरी - प्रकाश खतिवडा
१.१२ सिरहा - देवराज पोखेल
१.१३ उदयपुर- कुशलबाबु बस्नेत
१.१४ खोटाङ- लोकनाथ घिमिरे
१.१५ ओखलढुंगा- गुरूबहादुर बस्नेत
१.१६ सोलुखुम्बु- वेदप्रसाद राई

### मध्यमाञ्चल क्षेत्रीय कार्यालय

कृष्ण गौतम, गणेश भण्डारी, विवेशिका भुर्तेल, रमेश अधिकारी, सञ्जय अर्याल, सृजना शर्मा, अकुर न्यौपाने, गोपिकृष्ण भट्टराई, राजु पासवान, सीता लम्साल, विजय पाण्डे

**इन्सेक जिल्ला प्रतिनिधि**

२.१ धनुषा - रोशनदीप ढकाल
२.२ महोत्तरी- ईश्वरी काफ्ले
२.३ सर्लाही- विदुर प्याकुरेल
२.४ सिन्धुली- आनन्दप्रसाद दाहाल
२.५ रामेछाप- नवराज पथिक
२.६ दोलखा- उद्धव पोखरेल
२.७ रौतहट- विपीन गौतम
२.८ बारा- रोशनराज अर्याल
२.९ पर्सा- निरज साह
२.१० चितवन- मुकुन्द दहाल
२.११ मकवानपुर- प्रताप विष्ट
२.१२ ललितपुर- गोपीकृष्ण भट्टराई
२.१३ काभ्रेपलान्चोक- भोजराज तिमल्सिना
२.१४ भक्तपुर- अकुर न्यौपाने
२.१५ काठमाडौं- राजु पासवान
२.१६ धादिङ - सीताराम अधिकारी
२.१७ सिन्धुपाल्चोक- नातिबाबु धिताल
२.१८ नुवाकोट- केशव मिश्र
२.१९ रसुवा - हेमनाथ खतिवडा

**पश्चिमाञ्चल कार्यालय**

शिव खकुरेल, शवनम शर्मा, टङ्क खनाल, मधु पन्थी, सनबहादुर थापा, यज्ञप्रसाद भुसाल

**इन्सेक जिल्ला प्रतिनिधि**

३.१ तनहुँ- प्रकाशचन्द्र भट्टराई

३.२ गोरखा- भीमलाल श्रेष्ठ

३.३ लमजुङ- कृष्ण अधिकारी

३.४ स्याङ्जा- निर्मला तिवारी

३.५ कास्की- सनबहादुर थापा

३.६ मनाङ- कमानबहादुर गुरुङ

३.७ नवलपरासी- नारायण पराजुली

३.८ रुपन्देही- अमृत गिरी

३.९ पाल्पा- दुर्गा न्यौपाने

३.१० कपिलवस्तु- नन्दराम पौडेल

३.११ अर्घाखाँची- खिमप्रसाद मरासिनी

३.१२ गुल्मी- हीरा कुँवर

३.१३ वाग्लुङ- रामबहादुर जिसी

३.१४ पर्वत- माधवराज पाण्डेय

३.१५ म्याग्दी- घनश्याम खड्का

३.१६ मुस्ताङ- शर्मिला गुरुङ

**मध्यपश्चिमाञ्चल कार्यालय**

भोला महत, भजनराम चौधरी, सुशील चौधरी, बालकृष्ण बस्नेत, राजेन्द्र दाहाल, सरस्वती मल्ल, नारायण सुवेदी, सविता गौतम, बुद्धिराज चौधरी, कृष्णबहादुर खनाल

**इन्सेक जिल्ला प्रतिनिधि**

४.१ दाङ- विमलकुमार अधिकारी/शालिकराम डाँगी

४.२ प्यूठान- महेन्द्रप्रसाद श्रेष्ठ/रविन्द्र पाण्डे

४.३ रोल्पा- घनश्याम आचार्य/धरेन्द्र डाँगी

४.४ सल्यान- रोमप्रकाश थापा

४.५ रुकुम- जीवन खड्का

४.६ बाँके- नारायण सुवेदी

४.७ बर्दिया- मानबहादुर चौधरी

४.८ सुर्खेत- दुर्गा थापा

४.९ जाजरकोट- राजुकुमार शाक्य

४.१० दैलेख- नमनकुमार शाही/यज्ञराज थापा

४.११ डोल्पा- विष्णुदत्त देवकोटा

४.१२ जुम्ला- राजेन्द्र न्यौपाने/मानदत्त रावल

४.१३ कालीकोट- कालीबहादुर मल्ल

४.१४ मुगु- कालीबहादुर नेपाली/लोकेन्द्र हिताङ

४.१५ हुम्ला- रमेश ऐडी

**सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय**

खडकराज जोशी, राजकुमार चौधरी, दिलबहादुर चौधरी, कृष्ण विक, मनमाया बस्नेत, रामबहादुर थारु

**इन्सेक जिल्ला प्रतिनिधिहरु**

५.१ कैलाली- सुरबहादुर परियार

५.२ अछाम- रतनबहादुर रावल

५.३ डोटी- लवदेव भट्ट

५.४ बाजुरा - अर्जुन शाह

५.५ बझाङ- प्रकाश विक

५.६ कञ्चनपुर- कोमलनिरञ्जन भाट

५.७ डडेलधुरा- केशव बोहरा

५.८ बैतडी- शेरबहादुर चन्द

५.९ दार्चुला- मदनसिंह धामी